# विराटनगर महानगरपालिका

बैठक संख्याः ९९
मितिः २०७८/०६/२२

बैठक प्रारम्भः बिहान ८:०० बजे
बैठक स्थगनः बिहान १०:०० बजे

विराटनगर महानंगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०६/२२ गते बसेको बैठकको एजेन्डा र निर्णयहरूः

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री पार्कको गुरुयोजना, विस्तृत परियोजना प्रतिवेदन (DPR) र खरिद सम्बन्धमा। | विराटनगरलाई प्रतिनिधित्व गर्ने नेपालका पूर्व प्रधानमन्त्रीहरूको स्मृतिमा विराटनगर महानगरपालिका वडा नं.७/२, शनिहाट पूर्वमा प्रधानमन्त्री पार्क निर्माणको लागि परामर्शदाता संस्था श्री रावत ईन्जिनीयरिङ कन्सलटेन्सी प्रा.लि., ललितपुरले सरोकारवालाहरूसँग विभिन्न चरणमा छलफल गरी प्राप्त राय-सुझावलाई समेत समेटेर पेश गरेको प्रस्तावित गुरुयोजना (Master plan) तथा रु.३१,८५,११,३००।० लागत अनुमान सहितको विस्तृत परियोजना प्रतिवेदन (DPR) सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो। साथै, उक्त आयोजनालाई वहुवर्षीय योजना (तीन वर्ष) मा कार्यान्वयन गर्नेगरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| २ | वडा नं.१९ मा सभाहल निर्माणको लागि निःशुल्क जग्गा प्राप्ति सम्बन्धमा। | प्रादेशिक सभाहल निर्माण, गर्नको लागि विराटनगर महानगरपालिका वडा नं.१९ स्थित महानगरपालिकाको संरक्षणमा रहेको झापा वैजनाथपुर ८, नक्सा सिट नं. १७८-०६२५, कि.नं. १७५, १७९, २८७, २८८, २८९, २९० को जम्मा क्षेत्रफल १-०-१५ (विघा) जग्गा उपयोग गर्ने र बाँकि अपुग जग्गा (अनुसूची-१ मा संलग्न) निःशुल्क प्राप्ति गर्न आवश्यक पहल गर्ने एवं निःशुल्क प्राप्त हुन नसकेको जग्गाका लागि जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। निःशुल्क रुपमा जग्गा प्राप्त गर्न जग्गादाताहरूसँग समन्वय गरी मालपोत कार्यालय तथा नापी कार्यालयमा आवश्यक कानूनी प्रक्रिया पूरा गर्न यस कार्यालयका अधिकृत सातौं श्री पूनमकुमार दाहाललाई अधिकृत प्रतिनिधि तोक्ने निर्णय गरियो। |
| ३ | कोशी राजमार्गमा सार्वजनिक-निजी साझेदारी (PPP) मोडालिटीमा वृक्षारोपण गर्ने सम्बन्धमा। | कोशी राजमार्ग अन्तर्गतको रानी-विराटनगर-इटहरी-धरान ६ लेन सडक आयोजनाको विराटनगर महानगरपालिका क्षेत्रभित्र पर्ने रानीदेखि वरगाछि चोकसम्मको सडक खण्डको मेडियन स्ट्रिप (डिभाइडर) मा सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा १७(ख) बमोजिम वृक्षारोपण तथा सौन्दर्यकरण आयोजना सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | प्रदेश लगानी प्राधिकरणको समन्वयमा वडा नं.९, गुद्रीमा व्यवसायिक कम्प्लेक्स निर्माण सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.९, गुद्री स्थित महानगरपालिकाको स्वामित्वमा रहेको जग्गामा प्रदेश लगानी प्राधिकरणको समन्वयमा बहुउद्देश्यीय व्यवसायिक कम्प्लेक्स निर्माण गर्न उक्त परियोजना सम्वन्धी सम्झौतापत्रको खाका (अनुसूची-२) स्वीकृत गरी आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ५ | फोहोरमैला व्यवस्थापनको ठेक्का अवधि म्याद थप गर्ने सम्बन्धमा। | महानगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि साझेदार संस्था वेष्ट मेनेजमेन्ट ग्रुप प्रा.लि. र जे.भी.को सम्झौता बमोजिमको कार्यावधि २०७८ बैशाख मसान्तमा समाप्त भएकोमा अर्को व्यवस्थाको लागि आवश्यक खरिद प्रक्रियाको प्रक्रियागत कार्य गर्न समय लाग्ने भएकोले कार्यपालिकाको मिति २०७८/०१/१० मा बसेको ८९औं बैठकको निर्णयानुसार सम्झौतापत्रको बुँदा ख(२) बमोजिम ४ (चार) महिनाको लागि उक्त सम्झौताको म्याद थप गरी २०७८ भदौ मसान्तसम्म कायम गरिएकोमा सो समयावधिमा संस्था छनौटको कार्य अन्तिम चरणमा पुगेको र ठेक्का सम्झौताको लागि थप केही समय लाग्ने भएको हुँदा नयाँ ठेक्का सम्झौता नहुञ्जेलसम्मको लागि कार्यावधिको म्याद थप गरिएको मिति २०७८/०५/३१ को प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो। |
| ६ | सर्भेक्षक विकु यादवको तालिम काज अनुमोदन सम्बन्धमा। | नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रेले मिति २०७८/०५/२० देखि सञ्चालन गर्ने १२ महिने अवधिको सिनियर नापी तालिममा सहभागी हुन छनौट भएका विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सर्भेक्षक श्री विकु यादवलाई निजामति सेवा नियमावली, २०५० तथा विराटनगर महानगरपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७५ मा भएको व्यवस्था बमोजिम उक्त तालिममा सहभागी हुन प्रमुखस्तरबाट मिति २०७८/०५/२१ मा स्वीकृत गरिएको तालिम काजलाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो। |
| ७ | विविध। | (क) विजया दशमी, तिहार तथा छठ पर्व २०७८ एवं नेपाल सम्वत् ११४२ को उपलक्ष्यमा शुभकामना आदान-प्रदान गरियो। सो चाडपर्वहरूको पावन अवसरमा सम्पूर्ण नगरवासीहरूमा सुस्वास्थ्य, सुख, शान्ति तथा समृद्धिको शुभकामना प्रदान गर्ने निर्णय गरियो।<br>(ख) कार्यालयको फोहोरमैला व्यवस्थापन शाखामा कार्यरत कर्मचारी श्री हीरालाल यादवलाई गत आ.व.२०७७/०७८ मा अतिरिक्त समय कार्य गरे वापत शुरू तलब स्केलको ४०% अतिरिक्त भत्ता उपलब्ध गराउने तथा चालु आ.व.मा पनि सोही अनुसारको अतिरिक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो।<br>(ग) कार्यालयका सामाजिक परिचालक लगायत अन्य करारका कर्मचारीहरूलाई शुरु तलब स्केल दिने निर्णय भएकोमा सम्बन्धित शिर्षकमा स्वीकृत बजेटको परिधिभित्र रही चाडपर्व खर्च, प्रोत्साहन भत्ता र खाजा खर्च उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।<br>(घ) विराटनगर महानगरपालिका वडा नं. ५ मा गत आ.व.मा सडक बोर्ड कार्यक्रम अन्तर्गत स्वीकृत आदर्श टोल र जानकी मार्गमा कालोपत्रे निर्माण कार्यका लागि ठे.नं.१८ बाट ठेक्का सम्झौता समेत भइसेकोमा लागत अनुमान र सडक मापदण्ड अनुसार मर्मत हुन नसक्ने भएकोले वडा कार्यालयको सिफारिस समेतका आधारमा उक्त योजनालाई स्थानान्तरण गरी सोही वडाको त्रिमूर्ति पथबाट चाँदनी चोक जोड्ने विराटपथ सडक मर्मत गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| | | (ङ) विराटनगर महानगरपालिका वडा नं. ७ स्थित नक्सा सिट नं.१७८-०७४४-०४ कि.नं.१४ को जग्गामध्येबाट बाटोदेखि उत्तर, रामदेव पतञ्जली योग शिविरदेखि दक्षिण, विश्रान्ति घाट तथा मन्दिरदेखि पूर्वतर्फको ०-५-१ (विघा) जग्गामा विराटनगरको कला, साहित्य, संस्कृति झल्किने संग्रहालय निर्माण गर्न वडा समितिको सिफारिस सहित चेतना संरक्षण प्रतिष्ठानले अनुमति माग गरेको हुँदा उक्त जग्गा सरकारलाई आवश्यक परेको बखत फिर्ता हुनेगरी वा निर्माण सहितको भौतिक पूर्वाधार सरकारको स्वामित्वमा रहनेगरी सार्वजनिक संग्रहालय निर्माण गर्न सहमति दिने सर्वसम्मतिले निर्णय गरियो।<br>(च) विराटनगर महानगरपालिका वडा नं.६, शिवशक्ति चोक स्थित जग्गा श्री रामेश्वर शिव मन्दिरलाई संरक्षणको लागि दिइएकोमा उक्त मन्दिर समितिको सिफ़ारिसका आधारमा माग बमोजिम श्री हलुवाई समाज कल्याण सेवा समितिलाई उक्त समितिले खरिद गरेको कि.नं.७४ को जग्गादेखि उत्तरतर्फको कि.नं.६ को जग्गामा सरकारलाई आवश्यक परेको बखत फिर्ता हुनेगरी वा निर्माण सहितको भौतिक पूर्वाधार सरकारको स्वामित्वमा रहनेगरी सार्वजनिक सामुदायिक भवन निर्माण गर्न सहमति दिने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

## अनुसूची-१

### प्रादेशिक सभाहलको लागि निःशुल्क तथा खरिद गर्ने जग्गाको विवरणः-

| क.सं. | नक्सा सि.नं. | कित्ता नं. | जग्गाको जम्मा क्षेत्रफल (बिघा) | प्राप्त गर्नुपर्ने जग्गाको क्षेत्रफल (बिघा) | वडा नं. |
|---|---|---|---|---|---|
| १ | १७८-०६२६ | २३ | ०-५-१६ | ०-०-१० | वडा नं. ८ |
| २ | १७८-०६२६ | ८ | ०-१८-१२ | ०-१-१८ | वडा नं. ९ |
| ३ | १७८-०६२६ | ३६ | ०-१९-४ | ०-४-१४ | वडा नं. ८ |
| ४ | १७८-०६२६ | १७९ | ०-७-० | ०-१-५ | वडा नं. ८. |
| ५ | १७८-०६२६ | २२९ | ०-६-० | ०-४-१२ | वडा नं. ८ |
| ६ | १७८-०६२६ | ११५ | ०-९-० | ०-४-१० | वडा नं. ८ |
| ७ | १७८-०६२६ | ११६ | ०-१०-४ | ०-४-१८ | वडा नं. ८ |
| ८ | १७८-०६२६ | ३९ | ०-१७-१७ | ०-४-१२ | वडा नं. ८ |
| ९ | १७८-०६२५ | २५ | ०-१८-१२-१/४ | ०-४-० | वडा नं. ८ |
| १० | १७८-०६२५ | ३ | १-९-९ | ०-१०-१९ | वडा नं. ९ |
| ११ | १७८-०६२५ | १६३ | ०-१-७- | ०-१-७- | वडा नं. ८ |
| १२ | १७८-०६२५ | १६४ | ०-४-९ | ०-४-९ | वडा नं. ८ |
| १३ | १७८-०६२५ | १६५ | ०-१-१२ | ०-१-१२ | वडा नं. ८ |
| १४ | १७८-०६२५ | १६६ | ०-३-१२ | ०-३-१२ | वडा नं. ८ |
| १५ | १७८-०६२५ | १२४/१५० | ०-१-१८ | ०-१-१८ | वडा नं. ८ |
| १६ | १७८-०६२५ | ३२५ | ०-०-१८ | ०-०-१८ | वडा नं. ८ |
| १७ | १७८-०६२५ | १४९ | ०-०-१८ | ०-०-१८ | वडा नं. ८ |
| १८ | १७८-०६२५ | ४६६ | ०-०-७-१/४ | ०-०-७-१/४ | वडा नं. ८ |
| १९ | १७८-०६२५ | ४६७ | ०-१-८ | ०-१-८ | वडा नं. ८ |
| २० | १७८-०६२५ | ४६८ | ०-०-९ | ०-०-९ | वडा नं. ८ |
| २१ | १७८-०६२५ | २८६ | ०-१-१५ | ०-१-१५ | वडा नं. ८ |
| २२ | १७८-०६२५ | १४३ | ०-२-१७ | ०-२-१७ | वडा नं. ८ |
| २३ | १७८-०६२५ | १७३/१७६ | ०-१-१५-१/४ | ०-१-१५-१/४ | वडा नं. ८ |
| २४ | १७८-०६२५ | १४५ | ०-२-० | ०-२-० | वडा नं. ८ |
| २५ | १७८-०६२५ | १४६ | ०-२-० | ०-२-० | वडा नं. ८ |
| २६ | १७८-०६२६ | २०१ | ०-२-० | ०-२-० | वडा नं. ८ |
| २७ | १७८-०६२६ | २०२ | ०-०-१७ | ०-०-१७ | वडा नं. ८ |
| २८ | १७८-०६२६ | २०३ | ०-६-११ | ०-६-११ | वडा नं. ८ |
| २९ | १७८-०६२५ | १७४ | ०-३-९ | ०-३-९ | वडा नं. ८ |
| ३० | १७८-०६२५ | १८८ | ०-२-१० | ०-२-१० | वडा नं. ९ |
| | जम्मा | | | ४-५-० | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

## अनुसूची-२

# विराटनगर महानगरपालिकामा व्यापारिक कमप्लेक्स बनाउने परियोजना सम्बन्धी सम्झौतापत्र

आज मिति २०७८ साल असोज गते दिन विराटनगर महानगरपालिका कार्यालय ( पहिलो पक्ष), प्रदेश सरकार प्रदेश नं. १, प्रदेश लगानी प्राधिकरण (दोस्रो पक्ष ) बिच विराटनगर महानगरपालिकाको नाममा रहेको (वार्ड नं. ९, हाल गुद्रिवजार) जग्गामा व्यापारिक कम्प्लेक्स परियोजनाको निर्माण तथा सञ्चालन गर्ने सम्बन्धमा विराटनगर महानगरपालिका र प्रदेश लगानी प्राधिकरण बिच तपसिलको बुँदामा समझदारी भै यो सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ ।

## तपसिल

१. प्रदेश नं. १, को राजधानिको रुपमा रहेको विराटनगर महानगरपालिका नेपालकै आर्थिक, औद्योगिक र राजनीतिक सहरको रुपमा परिचित हुदै आएको छ । यस क्षेत्र र आसपासमा ठुलो जनसंख्याको वसोवास रहेकोले आधुनिक, सुविधासम्पन्न तथा अन्तराष्ट्रियस्तरको व्यापारिक भवन बनाई विराटनगर महानगरलाई जीवन्त तथा गतिशील सहरको रुपमा विकास गर्न तथा महानगरपालिकाको आय तथा राजश्वमा उल्लेख्य मात्रामा वृद्धि हुने हुँदा सार्वजनिक निजि सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ तथा नियमावली, २०७७ मा भएको कानूनी व्यवस्थाको अधिनमा रहि यस परियोजना सम्पन्न गर्न पहिलोपक्ष र दोस्रोपक्ष बिच आपसि सहयोग र समन्वय कायम राख्ने ।

२. यस परियोजनाको कार्यलाई अघि बढाउन पहिलो पक्षले देहायका कार्य गर्ने।
- समझदारीपत्र भएको ३ (तिन) महिना भित्र परियोजना निर्माण स्थल खालि गराई दोस्रो पक्षलाई उपलब्ध गराउने ।
- परियोजनाको IEE / EIA जस्ता कार्यको लागि आवश्यक सहयोग गरी भवनको नक्सा पासको कार्य गरिदिने ।
- परियोजना विकास सम्झौताको निर्माण तथा हस्ताक्षरमा सहभागी हुने ।
- परियोजनाको नियमित अनुगमन तथा निरीक्षणमा सहयोग गर्ने ।

३. यस परियोजनाको कार्यलाई अघि बढाउन दोश्रो पक्षले देहायका कार्य गर्ने।
- कानूनी जटीलता तथा गाँठाहरू फुकाएर परियोजनालाई सबल बनाउने ।
- आवश्यक प्राविधिक,आर्थिक सहयोग तथा समन्वय गर्ने ।
- परियोजनाको लगांनी सुनिश्चिताका लागि विकासकर्ताको छनौट गरी परियोजना निर्माण तथा संचालनको लागि आवश्यक पर्ने सम्पूर्ण कार्य गर्ने ।
- पारदर्शी, प्रतिस्पर्धात्मक, निष्पक्ष र कानूनी विधिद्वारा परियोजनालाई बिबाद रहित बनाउने ।

४. परियोजना निर्माणकर्तालाई परियोजना निर्माण तथा सञ्चालनको समयमा आईपर्ने कुनै पनि समस्याको समाधानका लागि दुवै पक्षले सहजिकरण गरिदिने ।

५. अन्य कुराको हकमा आपसी सल्लाहा र प्रचलित कानून बमोजिम गर्ने ।

पहिलो पक्ष

..............................

प्रमुख प्रशासकिय अधिकृत
विराटनगर महानगरपालिका
प्रदेश नं. १, मोरङ्ग ।

दोस्रो पक्ष

..............................

डा. सरोज कोईराला
प्रमुख कार्यकारी निर्देशक
प्रदेश लगानी प्राधिकरण
प्रदेश नं. १, मोरङ्ग ।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल